# जगरनाथपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## जगरनाथपुर, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८३।०८४
चलानी नं.: सूचना

मिति: २०८३।०४।२६

श्री वडा कार्यालयहरु सबै,
जागरनाथपुर गाउँपालिका ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, पर्सा मधेश प्रदेश, नेपाल २०७३

**विषय- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्वन्धि सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्रत्येक बर्ष नवीकरण गर्न पर्ने व्यवस्था रहेको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनरोध गरिन्छ । अत:यस गाउँपालिका वडा नं. १ देखी ६ सम्मका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पुर्ण लाभग्राहीहरु २०८३ असोज मसान्त भित्र आ-आफनो वडा कार्यालयमा स्वयंम उपस्थित भई जैविक पहिचानका आधारमा (Biometric Device मार्फत) नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्न हुन अनुरोध छ। साथै तोकिएको समय भित्र सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण नगरेका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता प्रचलित कानुन बमोजिम रोक्का हुन सकने समत जानकारी गराईन्छ ।

<u>आवश्यक कागजातहरु</u>

- सामाजिक सुरक्षा कार्यविधि २०७७ को अनुसूची २ दाँचा अनुसारको निवेदन (वडा कार्यालयबाट उपलब्ध हुनेछ ।)
- नेपाली नागरिकताको प्रतिलिपि, भत्ता बुझ्ने परिचयपत्र कार्डको प्रतिलिपि र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
- विधवा महिला भए पतिको मृत्यु दर्ताको प्रतिलिपि ।
- ६० बर्ष मुनिका विद्यवाको हकमा अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि ।
- बालवालकिको हकमा जन्म दर्ता । संरक्षकको नागरिकताको प्रितिलिपि ।
- अपाङ्गको हकमा अपाङ्गको परिचयपत्र । संरक्षकको नागरिकताको प्रतिलिपि ।

**नोट -**

१. पूर्ण अपाङ्ग, १६ बर्ष मनी र अशक्त असहाय वा ९० बर्ष माथिका लाभग्राहीहरु वाहेक अन्य सबै लाभग्राहीलाई सामाजिक सरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको छ ।

२. सामाजिक सुरक्षा भत्ता नविकरण गने समय असोज मसान्त सम्म रहेको हुदाँ वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित र आवश्यक सहजीकरण गर्नहुन अनरोध छ ।

**वोधार्थ**

श्री ६ वटै वडा अध्यक्ष ज्यू , जानकारीको लागि ।
श्री गा.पा अध्यक्ष । उपाध्यक्ष ज्यू , जानकारीको लागि ।
श्रीसूचना तथा संचार प्रविधि शाखा :वेबसाईटमा अपलोड गरिदिनुहुनका लागि ।
श्री जागरनाथपुर गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय ।

२०८३।४।२६

सन्देश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with OKEN Scanner